आज मिति २०७९ असार १० गते यस महाकुलुङ गाउँपालिका अध्यक्ष श्री सूर्य बहादुर राई ज्यूको अध्यक्षतामा महाकुलुङ गाउँ कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा बैठक बसी तपशिलका निर्णय गरियो ।

उपस्थिति:

१. श्री सूर्य बहादुर राई: महाकुलुङ गाउँपालिका अध्यक्ष -अध्यक्ष

२. श्री विपना कुलुङ: गाउँपालिका उपाध्यक्ष -सदस्य

३. श्री पर्खीधन राई: १ नं. वडा अध्यक्ष -सदस्य

श्री प्रदिप राई: २ नं. वडा अध्यक्ष -सदस्य

श्री दुर्गा बहादुर राई: ३ नं. वडा अध्यक्ष -सदस्य

श्री सरस्वती राई: ४ नं. वडा अध्यक्ष -सदस्य

श्री महल सिं राई: ५ नं. वडा अध्यक्ष -सदस्य

श्री सिद्धिमनी कुलुङ: -सदस्य

श्री दौलित कुलुङ : -सदस्य

सिता

श्री सितामाया वि.क. - सदस्य

श्री चस्मिता वि.क. -सदस्य

श्री निरकुमारी कुलुङ -सदस्य

श्री शारदा कुलुङ -सदस्य

श्री विष्णु रंजन बराल -सदस्य सचिव

१. श्री खरिधन राई: योजना अधिकृत

श्री नारायणकाजी वस्नेत: लेखा अधिकृत

श्री झमक बहादुर कटुवाल: शिक्षा अधिकृत

श्री हरि प्रसाद आचार्य: स्वस्थ्य संयोजक

श्री विनोदबाबु बस्नेत: कृषि तथा पशुपंक्षी .शाखा

२०. श्री अनु जंग राई: खरिदार

निर्णयहरु:

१. महाकुलुङ गाउँपालिकाले आ.व. २०७९/८० को बजेटले सम्बोधन गर्न लागेको ब्याक लोडर र ट्रिफर सञ्चालन सम्वन्धी कार्यविधी बनाउन विधेय समिति र यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु रंजन बराल ज्यूलाई जिम्मा दिने निर्णय गरियो ।

२. यस महाकुलुङ गा.पा. वडा नं ५ को वडा कार्यायलको भवन निर्माण कार्यमा यस कार्यालय र श्री गोल्डेन स्टार मल्टी प्रपोस प्रा.लि बीच मिति २०७८ माघ २० गते सम्झौता भई निरन्तर कार्य भईरहेकामा विविध कारणले गर्दा निधारित समयमा कार्यसम्पन्न हुन नसकेकोले निज प्रा. लिलाई मिति २०७९ चैत्र मसान्तसम्मको म्याद थप गर्ने निर्णय गरियो ।

३. महाकुलुङ गाउँपालिकाले प्रदान गर्दै आइरहको छात्रवृत्ति स्वीकृत कार्यविधी बमोजिम गठित समतिको सिफारिशमा गर्ने निर्णय गरियो ।

४. महाकुलुङ गाउँपालिका र हिमालयन ट्रस्टले संयुक्त रुपमा खरिद गरी महाकुलुङ गाउँपालिकाको वडा नं. ३ को मार्मेकुमा बाडेको सोलारमा वितरण गर्न बाँकी रहेको सोलार सेट महाकुलुङ गा.पा. १ नं. वडा कार्यालयले सम्बन्धित (१ नं. वडा) कार्यालयसम्म ल्याउने व्यवस्था गर्ने र सो वापतको ढुवानी खर्च महाकुलुङ गाउँपालिकाको कार्यालयले व्यहोर्ने निर्णय गरियो । साथै यस कार्यलय र हिमालय ट्रष्ट बीच भएको सम्झौता बमोजिमको रकम हिमालय ट्रस्टलाई भुक्तानी दिने निर्णय गरियो ।

५. आर्थिक वर्ष २०७९/८० मा प्रस्तावित महाकुलुङ गाउँपालिका विनियोजन ऐन, २०७९ पारित गर्न गाउँसभामा पेश गर्ने निर्णय गरियो । साथै २०७९/०८० को आर्थिक ऐन २०७९ सहित पारित गर्ने सभामा पेश गर्ने निर्णय गरियो ।

६. किसान सूचीकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ बमोजिम नियुक्ति भएका स्वयम सेवकहरुलाई सम्झौतामा व्यवस्था भए अनुसार सप्टवेयरमा प्रविष्ट भएको तथ्याङ्क अनुसारको भुक्तानी गर्ने र छुटेका किसानहरुलाई सप्टवेयरमा प्रविष्ट गर्न लगाउने र परिचय पत्र वितरण गर्ने निर्णय गरियो ।

७. महाकुलुङ गाउँपालिका प्रोत्साहन भत्ता निर्देशिका, २०७९ सम्बन्धी छलफल गरी निर्णय लिन सम्मानित गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

८. महाकुलुङ गाउँपालिकाको आ.व. २०७९/८० को लागि सीमा तथा बजेट निर्धारण समितिले पेश गरेको आयको अनुमान रु ३६६,७५८,३३२/- अनुसार सम्पूर्ण वडाहरु, शाखा र गाउँपालिकाको कार्यालयलाई दिएको सीमा अनुसरका प्राप्त भएका योजना तथा कार्यक्रमहरु अनुमोदनको लागि सम्मानित गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

९. महाकुलुङ गाउँपालिकाको आ. व. २०७९/८० को लागि कुल ३६६७५८३३२/- आय र व्यय सहितको अनुमानित बजेट सम्मानित सभामा पेश गर्ने निर्णय गरियो ।

१०. आ. व. २०७८/८९ को लागि गाउँसभाले मिति २०७८ असार १० मा विनियोजित रु ३१६,०१८,१२०/- भएकोमा आ. ल्या. रकम प्रदेश तथा संघीय सरकारबाट ससर्त अनुदानमा थप घट, रकमान्तर तथा स्रोत संशोधन भई ०७९ असार १० मा कायम भएको कुल बजेट ३६४,०४२,२३४/- गाउँसभाबाट अनुमोदन गर्न पेश गर्ने निर्णय गरियो ।

११. महाकुलुङ गाउँपालिकाको कार्यालयलाई आवश्यक पर्ने कर्मचारी स्वीकृत रिक्त दरबन्दी अनुसार विज्ञापन गरी पद पूर्ती गर्ने निर्णय गरियो ।

१२. महाकुलुङ गाउँपालिकाको कार्यालयबाट सञ्चालित आयोजना, योजना, कार्यक्रमहरुको कार्यसम्पन्न प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत भएकोलाई अनुमोदन गर्ने निर्णय गरियो ।

१३. महाकुलुङ गाउँपालिका अध्यक्ष ज्यू र प्रमुख प्रशासकीय अधिकृत ज्यूको दैनिक भ्रमण अदेश स्वीकृत गर्ने निर्णय गरियो ।

१४. महाकुलुङ गाउँपालिकाको महाकुलुङ प्राथमिक अस्पतामा हाल रिक्त रहेको डक्टर श्री डा. हरि कटवाललाई अस्पताल व्यवस्थापन समितिको सिफारिशमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्न निर्णय गरियो । साथै निजले पाउने सेवा सुविधा वापतको मासिक कर सहित जम्मा रु १५०,०००/- दिने निर्णय गरियो ।

१५. आ.व. २०७९/८० मा प्रस्तुत गर्नुपर्ने नीति तथा कार्यक्रम सम्मानित गाउँसभमा पेश गर्ने पेश गर्ने निर्णय गरियो ।

१६. आ.व. २०७८/७९ मा विनियोजित योजना तथा कार्यक्रमको कार्यलयबाट भएका भुक्तानीको अनुमोदन गर्ने निर्णय गरियो ।

१७. आ.व. ०७८/७९ मा प्रदेश सरकारबाट विभिन्न शिर्षकमा प्राप्त अनुदान यस कार्यालयबाट कार्यन्वंयनमा नआएका तपशिलका योजनाहरु आ.व. २०७९/८० मा कार्यान्वियन गर्ने गरी बजेट व्यवस्थापन गर्नको लागि प्रदेश सरकारसँग योजना निरन्तरताको लागि माग गर्ने निर्णय गरियो ।

तपशिल:

क. पेल्माङ निमखम खेलमैदान मर्मत रु. १० लाख । महाकुलुङ -२, सोलुखुम्बु ।

ख. पेलेम्ला सामुदायिक भवन मर्मत रु ५ लाख ५० हजार । महाकुलुङ-३, सोलुखुम्बु ।

ग. भिमसेन थान घेराबार तथा बाटो मर्मत रु ६ लाख । महाकुलुङ- ४, सोलुखुम्बु ।